नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

# वैदेशिक रोजगार विभाग

(प्रशासन, योजना तथा संस्था दर्ता शाखा)

ताहाचल, काठमाडौं
नेपाल।

प.सं. ०८१/०८२

चलानी नम्बरः-

मितिः २०८१/१२/१५

## सूचना!

अभिमुखिकरण तालिम सञ्चालन कार्यविधि, २०७६ (दोस्रो संशोधन सहित) मा रहेको व्यवस्था वमोजिम छ वटा क्लस्टर रहेकोमा सो बमोजिम System मा Update गर्न देहाय वमोजिम देशहरुको विवरण संलग्न गरी देशगत समूहगत क्लष्टर कायम गर्न सम्बन्धित सबैको जानकारीका लागि यस विभागको मिति २०८१/१२/१५ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ।

१. Malaysia

२. GCC मा आवद्ध देशहरू (साउदी अरब,कतार,कुवेत,UAE, बहराईन र ओमन)

३. GCC मा आवद्ध नभएका देशहरू (किटानी साथ अन्य क्लष्टरमा नतोकिएका एसिया महादेश, अफ्रिका महादेश र अमेरिका महादेशका देशहरु समावेश हुने)

४. Japan and South Korea

५. Israel

६. Turkiye and Cyprus लगायत अन्य देशहरू (अन्य यूरोप महादेशका देशहरू समावेश हुने)

उल्लेखित क्लष्टर वमोजिम अभिमुखिकरण तालिम सञ्चालन गर्न ईच्छुक संस्थाहरूलाई क्लष्टर छनौट वा परिवर्तन गर्न यो सूचना प्रकाशित भएको मितिले सात दिन (७) भित्र अभिमुखिकरण तालिम सञ्चालन कार्यविधि, २०७६ (दोस्रो संशोधन सहित) को व्यवस्था वमोजिम सम्पूर्ण विवरण सहित विभाग समक्ष निवेदन दिन अनुरोध छ।

साथै एक भन्दा वढी क्लष्टर (बढीमा दूई) मा तालिम संचालन गर्न चाहने अभिमुखिकरण तालिम प्रदायक संस्थाले सम्पूर्ण विवरण खुलाई निवेदन दिएमा विभागवाट अनुगमन गरि प्राप्त अनुगमन प्रतिवेदनको विश्लेषणका आधारमा विभागलाई उपयुक्त लागेमा एक भन्दा वढी क्लस्टर (वढीमा दुई) मा तालिम सञ्चालन गर्न अनुमति दिन सक्ने र यसरी क्लस्टर छनौट भई सकेपछि विभागवाट अर्को निर्णय नहुञ्जेलसम्म क्लस्टर परिवर्तन गर्न नपाउने व्यहोरा समेत सूचित गरिन्छ।

अनुगमन शाखा
वैदेशिक रोजगार विभाग, ताहाचल

टेलिफोन नं: ०१-४७९२६१६, ४७९२६७१, ४७९२६४८, ४७९२७११०, ४७९२६५८ फ्याक्स नं: ०१-४७९२६०६
Email.: info@dofe.gov.np, website: www.dofe.gov.np